# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## आर्थिक विकास महाशाखा
## कृषि विकास शाखा
जनप्रियमार्ग पोखरा, कास्की, गण्डकी प्रदेश

सम्पर्क : ०६१-४५७८९४
इमेल : agriculture.pokharamun@gmail.com
वेबसाइट : www.pokharakrishi.gov.np


पत्र संख्या : २०८१/०८२
चलानी नं.

**किसान सूचीकरण सहजकर्ता सेवा करारको लागि दरखास्त आव्हान सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०६।११

प्रस्तुत विषयमा पोखरा महानगरपालिका कृषि विकास शाखाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत संघिय शसर्त किसान सूचिकरण कार्यक्रम अनुसार किसान सूचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ अन्तर्गत खाद्य अधिकार खाद्य सम्प्रभुता सम्बन्धि ऐन,२०७५ को दफा १४ को उपदफा १ कार्यान्वयन गर्नको लागि किसानको पहिचान गरि सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न कृषि,पशुपंछी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम प्रयोजनार्थ किसानहरुको आवश्यक विवरणहरु विद्युतीय प्रणाली मार्फत संकलन गरि किसान सूचिकरण गर्न किसान सूचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ को परिच्छेद ७ (जनशक्ति व्यवस्थापन) को दफा २ मा रहेको व्यवस्था अन्तर्गत पोखरा महानगरपालिका भित्र किसान सूचिकरण सहजकर्ता नियुक्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | कैफियत |
|---|---|---|---|
| १. | ०१/२०८१-०८२ | किसान सूचीकरण सहजकर्ता | |

**१.आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव** :- मान्यता प्राप्त शैक्षिक संस्था बाट माध्यमिक तह (कक्षा १२) वा सो सरह उत्तीर्ण गरेको । कम्प्युटर,स्मार्ट फोन बाट डाटा प्रविष्टि गर्न सक्षम भएको । कृषि तथा पशु विज्ञान विषय अध्ययन गरिसकेकोलाई प्राथमिकता दिइनेछ ।

**२.दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु** :- पोखरा महानगरपालिका,कृषि विकास शाखा बाट उपलब्ध आवेदन फाराम भर्नुपर्ने,आवेदन फाराम वेबसाइट https://www.pokharakrishi.com/ बाट पनि डाउनलोड गर्न सकिनेछ ।

नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।

न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

**३.उमेरको हद** :- पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**४.पारिश्रमिक सुविधा तथा अन्य सेवा सर्त** :- किसान सूचीकरण कार्यान्वयन कार्यविधि,२०७७ अनुसार प्रति घरधुरीको तथ्याङ्क संकलन तथा अनलाईन डाटा प्रविष्टि गरे बापत रु.७५/- का दरले र अन्य सेवा सुविधा कार्यविधि बमोजिम सेवा करार सम्झौतामा उल्लेख भए अनुसार ।

**५.दरखास्त बुझाउने स्थान** :- पोखरा महानगरपालिका,आर्थिक विकास महाशाखा,कृषि विकास शाखा,जनप्रिय मार्ग,पोखरा ।

**६.दरखास्त दिने अन्तिम मिति** :- मिति २०८१ असोज २० गते आईतबार कार्यालय समयभित्र ।

महाशाखा प्रमुख



CamScanner